# निर्माण व्यवसायी सम्बन्धीत छुट स्किम सम्बन्धमा



➢यो छुट के सँग सम्बन्धीत छ?

❖निर्माण व्यवसाय गर्ने फर्म/कम्पनी सँग सम्बन्धीत।

➢ यो छुट कसको हकमा लागु हुन्छ?

❖मू.अ.कर (VAT) विवरण पेश गर्ने तथा पेश गर्न छुटेका दुवैको हकमा।

➢भ्याट विवरण पेश नगर्नेको हकमा कस्तो छुट छ?

❖ आधा व्याज छुट, थप दस्तुर र जरिवाना पुरै छुट ।

(अर्थात, मू.अ.कर बक्यौता पुरै र तिर्न बुझाउन बाँकी व्याजको ५०% मात्र तिरे पुग्छ)

➢भ्याट विवरण पेश गर्नेको हकमा कस्तो छुट छ?

❖ आधा व्याज छुट र थप दस्तुर पुरै छुट ।

(अर्थात, मू.अ.कर बक्यौता पुरै र तिर्न/बुझाउन बाँकी व्याजको ५०% मात्र तिरे पुग्छ)

Continue…

## ➢यो छुट स्किम कहिले सम्म छ?

❖यो सुविधा २०८० पुष २९ सम्म मात्र उपलब्ध छ।

## ➢यो छुट सुविधा कहिले सम्मको मू.अ.कर विवरणमा पाईने हो?

❖आर्थिक ऐन,२०८० को दफा ३६ अनुसार २०७९ चैत्र मसान्तसम्मको विवरण र कर दायित्वमा मात्र यो छुट स्किम प्राप्त हुन्छ।

(अर्थात २०८० सालको विवरणबाट सृजना भएको व्याज,जरिवाना, थप दस्तुरमा यो छुट छैन।)

## ➢कर कार्यालयबाट यो छुट सुविधा पाउने प्रक्रिया के हो?

१) मू.अ.कर विवरण पेश भएको छैन भने विवरण पेश गर्ने (पेश भै सकेको भए परेन),

२) २०७९ चैत्र मसान्त सम्मको तिर्नु पर्ने पुरै मू.अ.कर र आधा व्याज गणना गरी सो दाखिला गर्ने,

३) २०८० सालको कर बक्यौता छ भने सो समेत दाखिला गर्ने।

४) कर कार्यालयमा आर्थिक ऐन,२०८० को दफा ३६ बमोजिमको छुट सुविधा पाउँ भनी कार्यालयमा निवेदन पेश गर्ने।